जनकपुर टुडे

# मित्र धनुषा, जनकपुरधाम, धनुषा

# कर्मचारी आवश्यकता सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६ माघ ६ गते सोमवार**

नेपाल सरकार तथा स्वीट्जरल्याण्ड सरकार बीच भएको द्विपक्षिय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत स्थानीय सरकारहरु (जनकपुरधाम उपमहानगरपालिका, शहिदनगर नगरपालिका, गणेशमान चारनाथ नगरपालिका र धनौजी गाँउपालिका) को नेतृत्वामा तथा हेल्भेटास स्वीस इन्टरकापरेसन नेपालको प्राबिधिक सहयोगमा धनुषा जिल्लामा संचालित सुरक्षित आप्रवासन परियोजना (सामी) तेश्रो चरण कार्यान्वयन भईरहेको छ। यस अन्तर्गत बैदेशिक रोजगार सम्वन्धि आप्रवासी श्रोत केन्द्र संचालनगर्न तथा समुदाय सचेतीकरण, मनोसामाजिक परामर्श सेवा, बित्तीय साक्षरतार आप्रवासी कामदार तथा तिनका परिवारहरुको क्षमता विकास सम्वन्धि कृयाकलापहरु संचालनको लागि स्थानिय सरकारहरु र सेवा प्रदायक संस्था मित्र धनुषा जनकपुरधाम बीच भएको सम्झौताअनुसार तपसिलको जनशक्तिहरु आवश्यक भएको हुदाँ निम्नानुसार योग्यता पुगेका इच्छुक ब्यक्तिहरुवाट दरखास्त आह्वान गरिन्छ।

| पद | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|
| सूचना तथा परामर्शकर्ता | २(दुई) जनामा १ जना महिला अनिवार्य,जनकपुरधाम उपमहानगरपालिका<br>१ (एक) जनाशहिदनगर नगरपालिका | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेका (स्नातकलाई बिशेष ग्राह्यता दिईने), परामर्श कार्य वा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको तथा जिल्लामा चलनचल्तिको स्थानीयभाषा जानेकोलाई प्राथमिकता दिईनेछ। सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा सही सूचना तथा परामर्श सेवा प्रदान गर्न सक्ने, सम्बन्धित सरोकारवालाहरुसँग राम्रो समन्वय गर्न सक्ने, MS Word, Excel को दक्षता भएको, नेपाली तथा अंग्रेजी भाषामा राम्रो टाइप Speed भएको साथै इमेल, इन्टरनेट चलाउन सक्ने। |
| मनोसामाजिक परामर्शकर्ता | १ (एक) जना जनकपुरधाम उपमहानगरपालिका<br>१ (एक) जना शहिदनगर नगरपालिका<br>१ (एक) जना गणेशमान चारनाथ नगरपालिका<br>१ (एक) जना धनौजी गाँउपालिका | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेको, मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभववा सो सम्वन्धि आधारभूत तालिम लिएको वा परामर्श सम्वन्धि १ वर्षको अनुभव रहेको र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।<br>**उमेरको हद** : कामको प्रकृति र गाम्भीर्यतालाई मध्येनजर गर्दै २५ देखि ४० बर्ष उमेर समुहलाई प्राथमिकता दिईने छ। चारजना परामर्शकर्ता मध्ये कम्तिमा तीन जना महिला हुनु पर्नेछ।<br>MS Word, Excel, Power point को दक्षता भएको, नेपाली तथा अंग्रेजी भाषामा राम्रो टाइप Speed भएको साथै इमेल, इन्टरनेट चलाउन सक्ने। |
| वितिय साक्षरता सहजकर्ता | १ (एक) जना जनकपुरधाम उपमहानगरपालिका<br>१ (एक) जना शहिदनगर नगरपालिका<br>१ (एक) जना गणेशमान चारनाथ नगरपालिका<br>१ (एक) जना धनौजी गाँउपालिका | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेको, वित्तिय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।<br>**उमेरको हद** : कामको प्रकृति र गाम्भीर्यतालाई मध्येनजर गर्दै २५ देखि ४० बर्ष उमेर समुहलाई प्राथमिकता दिईने छ। चार जनामा २ जना पुरुष र २ जना महिला हुनु पर्नेछ।<br>**MS Word, Excel** को दक्षता भएको, नेपाली तथा अंग्रेजी भाषामा राम्रो टाइप Speed भएको साथै इमेल, इन्टरनेट चलाउन सक्ने। |
| सामाजिक परिचालक | १ (एक) जना जनकपुरधाम उपमहानगरपालिका | प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण गरी सामाजिक परिचालनको क्षेत्रमा १ वर्षको अनुभव वा १० कक्षा पास गरी २ वर्ष बैदेशिक रोजगारमा काम गरी फर्किएर समाजिक परिचालनको काम गरेको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ।<br>MS Word, Excel, Power point को दक्षता भएको, नेपाली तथा अंग्रेजी भाषामा रामरी टाइप Speed भएको साथै इमेल, इन्टरनेट चलाउन सक्ने। |
| रीटर्नी (वैदेशिक रोजगारबाट फर्किआएका) स्वयम् सेवक | ३ (तीन) जना जनकपुरधामउ पमहानगरपालिका वडा नम्वर २३, २४ र २५ को लागि<br>९ (नौ) जना शहिदनगर नगरपालिकाको सम्पूर्ण वडामा (३ जना सामी तर्फ वाट र ६ जना पालिका बजेटवाट)<br>३ (तीन) जना गणेशमान चारनाथ नगरपालिका वडा नम्वर ४,६ र ९ को लागि<br>३ (तीन) जना धनौजी गाँउपालिकाको लागि | न्यूनतम कक्षा ८ पास गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको। सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। महिला रिटर्नीलाई बिशेष प्राथमिकता दिईनेछ। |
| आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु | माथि उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, २ जना सन्दर्भ व्यक्ति (Reference person) हरुको नाम सम्पर्क फोन नम्वर र इमेल सहितको व्यक्तिगत विवरण (Bio-Data), शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, तालिम तथा कार्य अनुभवपत्रहरुको प्रतिलिपि र रिटर्नी स्वयसेवकको हकमा बैदेशिक रोजगारीमा गएर कार्य गरेको प्रमाणित हुने कागजपत्रहरु (पासपोर्ट, भिजा, अकामा आदिको प्रतिलिपि र १ प्रति पासपोर्ट साइजको फोटो सहित आफुले आवेदन गर्न चाहेको पद र स्थानीयतह प्रष्ट रुपमा खुलाई सम्पूर्ण कागजपत्रहरुमा सक्कल बमोजिम नक्कल ठिक छ भनी स्वयं प्रमाणित गरी पेश गर्नु पर्नेछ।<br>रिटर्नी स्वयसेवकबाहेक अन्य पदहरुकोलागी मोटरसाईकल लाइसेन्स भएकालाई प्राथमिकता दिइनेछ। | |
| आवेदन दिने अन्तिम मिति | सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा र अन्तिम दिन बिदा परे सोको भोली पल्ट। | |
| आवेदन पेश गर्ने स्थान वा इमेल ठेगाना | मित्र धनुषा जनकपुरधाम, जनकपुरधाम ४ (नेपाल स्काउट अफिस, विषहरा पोखरीको पश्चिम डिल) वा mitradhanushavacancy@gmail.com<br>फोन नं. ०४१ ४२६५०१ | |

तोकिएको मितिभित्र पर्न आएको आवेदकहरुको संक्षिप्त सूची (Short List) तयार पारिनेछ साथै संक्षिप्त सूचीमा परेका आवेदकहरुलाई मात्र लिखित, मौखिक तथा प्रस्तुतीकरणको प्रक्रियामा समावेश गरिनेछ। साथै, पद तथा कामको प्रकृती र गाम्भीर्यतालाई मध्यनजर गर्दै कम्प्युटर (Computer) बिधिवाट समेत परीक्षा लिईनेछ।

कुनै पनि आवेदन वा सम्पुर्ण आवेदनहरु अस्वीकार गर्ने अधिकार मित्र धनुषा जनकपुरधाम संस्थामा सुरक्षित रहनेछ।

मित्र धनुषा जनकपुरधाम संस्था तथा कार्यक्रमले कर्मचारीमा विविधताको प्रर्वद्धन गर्दछ र कर्मचारीको छनौटमा महिला तथा दलित, जनजाति, मधेशी तथा अन्य अल्प संख्यक समुदायका उम्मेदवारहरुको समावेशीकरणको लागि साकारात्मक विभेदको आधारमा विशेष गाह्रयता प्रदान गर्दछ।

Scanned by CamScanner